**महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं**

**चमेनागृह सञ्चालन सम्बन्धी सूचना**

महान्यायाधिवक्ताको कार्यालय (यसपछि कार्यालय भनिने) परिसरमा निर्मित चमेना गृह भवनमा कार्यालयका पदाधिकारी, कर्मचारी, सुरक्षाकर्मी एवम् काम विशेषले कार्यालयमा आउने सेवाग्राही स्वयम्ले भुक्तानी गर्न गरी तपशील बमोजिमको शर्तको अधीनमा रही खाजा/खाना उपलब्ध गराउने गरी चमेना गृह सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक फर्मले यही मिति २०७८।०७।११ गते देखि ऐ. १७ गते बुधबार सम्म कार्यालय समय भित्र संलग्न खाजा/खानाको परिकार र इकाई अनुसारको वस्तु तथा सेवा के-कति दररेटमा उपलब्ध गराउन सकिन्छ सो दररेट सहितको विवरण खामबन्दी गरी कार्यालयको जिन्सी शाखामा पेश गर्नुहुन सूचित गरिन्छ ।फाराम लिन आउँदा राजस्व शिर्षक नं. १४२२९, राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, केन्द्रिय कार्यालयको खाता नं.१०००१००२०००१०००० मा रु.१०००।-(अक्षरुपी एक हजार) जम्मा गरी सो को भौचर लिई आउनु पर्नेछ ।

<u>तपशिल</u>

१. चमेनागृह भवन प्रयोग गरेकोमा राजस्व वापत मासिक न्यूनतम रु ५,०००।- शुल्क तिर्नु पर्नेछ ।

२. कार्यालय र सञ्चालक बीच सम्झौता गर्नु अघि सञ्चालकले कार्यालयले तोकिदिए बमोजिम रु. ५०,०००।– (अक्षरुपी पचास हजार रुपैया मात्र) धरौटी राख्नुपर्नेछ ।

३. सरसफाई जन्य पानी कार्यालयले निःशुल्क उपलब्ध गराउने र पिउने तथा खाना पकाउने स्वच्छ पानीको व्यवस्था सञ्चालक स्वयम्ले गर्नुपर्नेछ ।

४. चमेना गृहका लागि छुट्टै विद्युत मिटर जडान हुने र उक्त मिटरमा उठेको बिलको भुक्तानीको दायित्व चमेना गृह सञ्चालकको हुने ।

५. प्रथम पटककोलागि चमेना गृहका लागि आवश्यक पर्ने टेबल, कुर्सीको व्यवस्था कार्यालयले गरिदिने तथा भाडा वर्तनको व्यवस्था सञ्चालक स्वयम्ले गर्नुपर्ने ।

६. चमेना गृहबाट उपलब्ध गराइने खाद्य परिकारको परिमाण, गुणस्तर एवम् चमेना गृह र वरपरको सरसफाईको अवस्थाको कार्यालयबाट निरन्तर अनुगमन हुने तथा पूर्वनिर्धारित स्तरको सेवा प्रवाह सन्तोषजनक भएको नपाइएमा जुनसुकै बखत कार्यालयले सम्झौताका शर्त मुताविक आवश्यक कारवाही गर्न सक्ने ।

७. खामबन्दी दररेटसाथ फर्म दर्ता प्रमाणपत्र, सञ्चालकको नागरिकता प्रमाणपत्र र PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि र गत आ.व.को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्ने ।

८. प्रस्तावमा उल्लिखित न्यूनतम दररेट स्वीकृत गर्दा खाजा/खानाको गुणस्तर कायम हुन नसक्ने देखिएमा कार्यालयले सो प्रस्ताव अस्वीकृत गर्न सक्नेछ ।

९. चमेनागृह सञ्चालनको क्रममा सुधार परिमार्जन गर्न कार्यालयले निर्देशन दिएमा सञ्चालकले सो को पालना गर्नुपर्नेछ ।

१०. चमेना गृहबाट उपलब्ध गराउनु पर्ने मुख्य-मुख्य खाजा/खानाको परिकार र इकाइको सूची यसै साथ संलग्न छ ।प्रस्तावकले प्रस्ताव पेश गर्दा मुल्य सूचीका अलवा प्रत्येक दिन कम्तीमा १० प्रकारको परिकार(शाकाहारी/मासांहारी) बनाउने गरी साप्ताहिक रुपमा कुन कुन वार के-के खाजा उपलब्ध गराउने हो सो को सूची समेत पेश गर्नु पर्नेछ ।

११. अन्य कुरा सम्झौता बमोजिम हुनेछ ।

उपन्यायाधिवक्ता